# लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## स्थानीय आपतकालिन कार्य संचालन केन्द्र(MEOC)
## भल्का, कैलाली
### सुदूरपश्चिम प्रदेश नेपाल

**प.सं.** ०७९।०८०

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**स्थानीय आपतकालिन कार्यसंञ्चालन केन्द्रको जनहितमा जारी सन्देश**

गर्मियामको मौसम सुरु भए संगै हावाहुरी तथा आगलागिका घटनाहरुमा वृद्धि भई ठुलो मात्रामा जनधनको क्षति हुने हुदाँ त्यस्ता घटना घट्न नदिन तपशिलका उपायहरु अपनाउन हुन सम्पुर्ण नगर बासीहरुमा हार्दिक अनुरोध गर्दछौ ।

तपशिलः

१. घर बाहिर निस्कदा आगो बालेर त्यसै नछोड्नुहोस , आगो निभाएर मात्रै छोड्नुहोस ।

२. घरमा आगलागि भएमा सबैभन्दा पहिला बिजुलीको मेनस्वचि बन्द गर्नुहोस । घर बाहिर निस्कनुहोस,सुरक्षित ठाउँमा जानुहोस र सहयोगको माग गर्नुहोस ।

३. प्रज्वलनशिल पदार्थ र आगोका झिल्का दिने वा विजुलीका तारहरु एकै स्थानमा नराखै,

४. विजुलीका तार स्विच,प्लग,वाइरिङ,ठिक अवस्थामा छ कि छैन नियमित जाँच गरौ । ठिक अवस्थामा नभए आवश्यक जाँच गरौ । विजुली सर्ट भई आगलागि भएमा कुनै पनि हालतमा पानी नहाल्नुहोस ।

५. मौसम परिवर्तन सङ्गै तराई क्षेत्रमा बढी हावाहुरी चल्ने तथा गहुँ भित्राउने समय समेत भएको हुदाँ किसानहरुले गहुँ कटान गरिसकेपछि गहुँको नलमा खेतमा नै आगो लगाउने प्रचलनले भित्राउन बाँकी बाली तथा मानब बस्तिमा समेत आगलागी भइ जनधनको क्षति हुने सम्भावना बढी भएको हुदाँ त्यस्ता कार्य नगर्न नगराउन हुन अनुरोध गरिन्छ ।

६. खाना पकाइ सकेपछि आगो,ग्यास चुलो,हिटर निभाइ हालौ ।

७. सिलिन्डरको रेगुलेटर,ग्यास चुलो वा पाइपबाट ग्यास लिक भएको छ कि छैन भन्ने ख्याल राखौ । ग्यासको गन्ध आएमा बेवास्ता नगरौ र सावधानी अपनाऔ ।

८. मल्टिप्लग,पानि तताउने जग,पखां,टिभि तथा अन्य विद्युतिय उपकरणहरु काम सकिने वित्तिकै बन्द गरौ ।

९. पुजा कोठा वा अन्य ठाउँमा धुप बत्ति,दियो बाल्दा नजिकै तेल,कपडा,कागज र अन्य छिट्टै आगो समात्ने खालका बस्तुहरु नराखौ ।

१०. जस्तापाताले छाएका घर,गोठहरुका छानाहरुलाई राम्रोसंग फलामको तार वा बलियो डोरीले बाधौ ।

११. आगलागिजन्य घटना घटेमा तुरुन्त ९८६०७१८७७९,९८४८४२४४०० नम्बरहरुमा सम्पर्क गरौ । अथवा कुनै पनि किसिमका घटना घटेमा स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रको सम्पर्क नं ९८६५८५६५५४,९८४८४२७२९३ मा सम्पर्क गरौ ।

२०८०।०१।१०

गौरीकान्त न्यौपाने

नि. प्रमुख प्रशासकीय अधिकृत